## सार्बजनिक सुनुवाई प्रतिवेदन

**सार्वजनिक सुनुवाई संयोजन** गर्ने व्यक्तिको नाम थर,ठेगाना :- टिकाजंग थापा (हिमालय सञ्चार गृह)

सुनुवाई गरिएका विषयवस्तुहरु :- शिक्षा,स्वास्थ्य,कृषि ,सडक, खानेपानी, बिजुली,बजेट लगायत अन्य गाउँपालिकाले प्रदान गर्ने सार्बजनिक चासोको बिषयहरु

कार्यक्रम आयोजना स्थान - हरिहरपुरगढी गाउँपालिकाको कार्यलय, झनझने, सिन्धुली

कार्यक्रम आयोजना मिति र समय :-२०७५-२-२४

कार्यक्रम सन्चालन गरिएको समयावधी :- १ घन्टा ३० मिनेट

**उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| **क्र सं** | **प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम,थर** | **जवाफको छोटकरी ब्यहोरा** |
|---|---|---|---|---|
| १ | दिनेश मोक्तान प्रध्यानाध्यापक हरिहरपुरगढी गाउँपालिका | गाउँपालिका बाट सञ्चान हुने योजना को भुक्तानी रकम योजना सम्पन्न भए पछि मात्रै दिने नियम छ । त्यसलाई अगाडी नै दिने व्यवस्था मिलाई दिनु पर्‍यो । भुक्तानीमा धेरै समस्या आएको देखिन्छ । अनुगमन पनि हुदैन । | गोपाल श्रेष्ठ हरिहरपुरगढी गाउँपालिका कार्यकारी प्रमुख | भुक्तानी रकम योजना सम्पन्न भए पछि मात्रै दिने अथवा दिदै नदिएको भन्ने छदै छैन । तिन सय ५० योजना मध्ये हामीले १२६ ओटा योजनाको भुक्तानी दिई सकेका छौं , १७ ओटा रनिङमा छ र १५२ ओटालाई भुक्तानी दिएका छैनौं । ठुला योजनाहरुलाई त हामिले पेश्की नै दिएर सुरु गरेका छौं , जस्तै, बिद्युतका योजना ,भवन निर्माण, खेलकुद जस्ता काममा त पेश्की नै दिएर सञ्चालन भएका छन् । पाँच लाख भन्दा मुनिका योजनाहरुलाई चाहि पेश्की दिएका छैनौं ।<br><br>अहिले नयाँ योजनाको लागि स्टेमेट उठाँउन भ्याउनु भएको छैन । हामी संग अहिले प्रावीधीकहरु थोरै हुनुहुन्छ । कति योजनाहरुको कार्यन्वयन गरेर भुक्तानी दिनु पर्ने छ । योजना अनुगमन गर्न जानुलाई नै अप्ठ्यारो छ । प्रत्येक दिन ५ देखि ६ जना उपभोक्ता आउनु हुन्छ । |
| २ | दुर्गा पौड्ल कुशेश्वर माबि प्रध्यानाध्यापक | निजी स्रोतका बिद्यालयहरुको लागि गाउँपालिकाको के कस्तो निती तथा | गोपाल श्रेष्ठ हरिहरपुरगढी | यस बर्ष हामिले शिक्षा नियमावली बाट केहि सम्बोधन गर्ने भनेर शिक्षा |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यक्रमहरु छन् ? | गाउँपालिका प्रमुख प्रशाकीय अधिकृत | नियमावलीमा केहि कुरा लिएर आएका छौं । कुन स्कुलमा ककति आबश्यक छ । सो स्कुललाई चाँडैनै पद पुर्ति गर्ने भनेर आर पि सरले बैठक बोलाउदै हुनुहन्छ । त्यस बाट निकास आउछ नै । |
| ३ | टेक बहादुर भोलन पाँच कन्या प्राबिका प्रध्यानाध्यापक । | १ गाउँपालिका बाट सञ्चालन हुने योजना या आयोजनाको अनुगमन  किन हुदैन ?<br><br>२ महिला हिँसा र बालबिवाह अन्त्यको लागि के कार्यक्रम सन्चालन भएका छन् ?<br><br>३. बालबालिकालाई पहिले स्कुलमा जुकाको दबाई दिइथ्यो । बालबालिकाको हाजिरी पुस्तिकामा पनि स्वास्थ्यको सम्बन्धमा धैरै कुराहरु थिए । गाउँपालिकाले यस बिषयलाई कसरी समेट्छ ?<br><br>४. शिक्षकहरुको तलब चौमासिक निकासा हुन्छ यसलाई मासिक गरिदिए राम्रो हुन्थ्यो । यसलाई केहि फेर बदल गरि मासिक बनाउन सकिन्छ । या कुनै योजना छन् तपाईहरु संग ? | अनिता कुमारी राई उपाध्यक्ष हरीहरपुरगढी गाउँपालीका । | १ यो अनुगमनको कुरामा चाँहि हामि पनि पहिलो नयाँ संरचनाको सरुवातमा छौ । तालिम गोष्ठीहरुमा सहभागि हुने जस्ता कामले अनुगमनमा कम पुगेका छौँ । तपाई उपभोक्ताकै बिश्वास र प्राबिधिक सरहरु आफै पनि जानु भएको छ । कुनै ठाउँमा म पुगेको छु कुनै ठाउँमा प्राबिधिक सर पुग्नु भएको छ हामिले त्यसरी हेरिरहेकाछौँ ।<br><br>२ यो बालबिवाहको अन्त्य गर्ने कार्यक्रमको लागि पहिले पनि मैले  केहि कामहरु महिला बिकास बाट पनि गरेको थिएँ । तर  निर्बाचित भएपछि हामिले अघिल्लो  महिलाको लागि ,लक्षित बर्गको लागि , जनजातिको लागि भनेर त्यसरी बजेट छुट्याएनौं, यसपालिको बजेट बिनियोजनमा त्यस्तो हुदैन । तपाईहरु पनि आउनुस हामिलाई सहयोग गर्नु सबै ठाउँहरुमा हामि पुग्न सक्दैनौं । म महिला भएकै कारण महिलाहरुको आर्थिक बिकास समान सहभागिता यस्तो कुरामा पनि बिशेष ध्यान दिनेछु । प्रतिबद्धता पनि गर्छु यो बर्ष बजेट छुट्याउछु ।<br><br>३. स्वास्थ्यमा पनि मैले केहि कार्यक्रम गर्ने सोचेको छु , स्वास्थ्यको सरहरु संग पनि कुरा गरेको छु केहि कार्यक्रम सञ्चालन हुन्छन् ।<br><br>४. शक्षकहरुको तलब चौमासिक निकासा गर्ने कुरा हामिले गर्न नसक्ने भन्ने कुरा हैन । कार्यपालिकामा आधिकारिक रुपमा पेस गर्नु हामि छलफल गरेर निबारण गर्न तिर लाग्छौं । |
| ४ | वकिल बहादुर ब्लोन श्री ५ कन्या प्रा.बि | सामुदायिक बिद्यालयमा बिद्यायार्थी हरुको आकर्षण बढाउन शिक्षा निती को गुणस्तर | गोपाल श्रेष्ठ हरिहरपुरगढी | बिद्यालय मा बिद्यार्थी कसरी टिकाउने भन्ने कुरा  मुख्यतः शिक्षकहरु कै ठुलो |

| | | | | |
|---|---|---|---|---|
| | का प्रध्यानाध्यापक । | बढाउन बिद्यालय मा बिद्यार्थी टिकाउन गाउँपालिकाले के कस्तो योजना तयार पारेको छ,। | गाउँपालिका कार्यकारी प्रमुख | हात हुन्छ गाउँपालिकालाई मात्र प्रश्न राख्ने भन्दा पनि आफ्नो वडामा टोल सुधार बिकास समिति संग सल्लाह गरेर छलफल गर्ने ,छलफल गरेर कसरी बिद्यार्थीलाई टिकाई राख्ने । यसमा बजेट बिनियोजन गर्नु पर्‍यो भने वडाबाट बजेट माग गर्ने । त्यसमा शिक्षकहरुको पनि ठुलो भुमिका हुन्छ । |
| ५ | भूवन राई | मेरो गुनासो ,स्थानीय सरकार छ भन्ने मलाई अनुभुति पनि मलाई छैन । शिक्षा ,स्वाथ्य जस्तो क्षेत्रमा कामनै गर्न सकेको छैन यो गाउँपालिकाले । | कार्साङ घलान १ नम्बर वडाध्यक्ष अध्यक्ष । | स्थानिय सरकार छैन नभन्नुस् । स्थानीय सरकार छ । त्यसमा चित्त नबुझेको कुरा बसेर समाधान गर्ने तिर लागौँ । स्थानीय सरकारलाई हामि सबैले मिलेर नै बलियो बनाउन सक्छौँ । |
| ६ | खेमराज बिक हरिहरपुरगढी गाउँपालिका स्वास्थ्य चौकीको इन्चार्ज | स्वास्थ्यमा बजेट थोरै छुट्याएको छ । नेपाल सरकारले स्वास्थ्यलाई निशुल्क प्रदान गरेको औषधिहरु कुनै पनि हेल्थपोष्टमा छैन । अहिले स्थानीय सरकार आईसके पछि पटक पटक जिल्लामा जान्छु जिल्लामा के भन्नु हुन्छ भने तपाइले अब औषधि यहाँ बाट हैन जिल्ला बाट लिनुस भन्नु हुन्छ । हामिले औषधि कहिले पाउने ?अर्को कुरा भवन पनि छैन । २ ओटा मात्र कोठा छ<br>एउटामा समान राख्नु पर्छ , भवन चाहि पहिलो प्राथामिता हो । हामिलाई धेरै गारो भैरहेको अबस्था छ । हाम्रो नयाँ आर्थिक बर्षमा स्वास्थ्यको लागि कति बजेट छुटाईन्छ । | श्याम बिनोद कुशवाहा ,स्वास्थ्य सह संयोजक | दैनिक रुपमा त्यो स्वाथ्य चौकी बाट सेवा लिने भनेको ४ देखि पाँच जनाले हो । हामि संग सेवा दिनको लागि चाहिने सामान छ ।<br>तपाइ स्वास्थ्य संस्थामा उपस्थित मात्र हुनुस औषधी पुर्‍याने जिम्मा हाम्रो हुनेछ । र पुर्‍याउनेछौँ । |
| ७ | बिश्व राई हरिहपुरगडी गाउँपालिका २ रतनपुर | हेल्पोष्टमा डाक्टरहरु उपस्थित हुदैन । ५ जनाको कोटामा १ जनामात्र हुन्छन् । खानेपानीको पनि अबस्था लाथालिङ्ग छ ।<br><br>कर्मचारी जतिबेलामा पनि बिदा हुन्छ बिदाको समय कति हो । जुन सरकारी कार्यलयमा जाँदा पनि बिदामा छ भनिन्छ । | श्याम बिनोद कुशवाहा ,स्वास्थ्य सह संयोजक<br><br>गोपाल श्रेष्ठ हरिहरपुरगढी गाउँपालिका कार्यकारी प्रमुख | १ नेपाल सरकारको स्वीकृत प्रत्येक स्वास्थ्य चौकीमा दरबन्दी पुलफिल भएको अबस्था छ । र प्रत्यक्ष निग्रानी गर्न काममा पनि सुधार आएको छ ।<br><br>२ अब आउदा कुनै पनि स्वास्थ्य चौकीमा दरबन्दी अनुसार कर्मचारी नभएको पाउनु भयो भने तपाईले मलाई प्रत्यक्ष रुपमा भन्नु सक्नु हुन्छ । तुरुन्त कारवाही गर्छु । कुनै पनि कर्मचारी बिना जानकारी कुनै कर्मचारी हराएमा बिशेष गरी स्वास्थ्यको कर्मचारी हराएमा । |
| ८ | निमेस मोक्तन शिक्षक | गाउँपालिकामा १५ सैयाको अस्पताल बन्छ भनेको सुनेको छु त्यो कहाँ बन्छ र कहिले बन्छ ? | गोपाल श्रेष्ठ हरिहरपुरगढी गाउँपालिका | यो अस्पताल कहाँ बन्छ भन्ने कुराको टुङगो लागेको छैन । यसको टुङगो लगाउनु हुनेछ । स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यकारी प्रमुख | जनप्रतिनिधीहरुले त्यस पछिनै यसको जानकारी पाउनु हुनेछ यहाँहरुले । |
| | | | | |
| ९ | सुरेन्द्र जंग राई | पशु उपचारको लागि गाउँपालिमा ब्यबस्था छ कि छैन ?<br><br>खेलकुदमा बजेट छुटिएन किन महिलाहरुले प्रथामिता पाएनन् बजेटकै कारण यस पटक महिलाहरुलाई खेलकुदमा सामेल गराउन सकिएन ,पुरुषहरुलाई मात्र सामेल गराईयो । | गोपाल श्रेष्ठ हरिहरपुरगढी गाउँपालिका कार्यकारी प्रमुख<br><br>गोपाल श्रेष्ठ हरिहरपुरगढी गाउँपालिका कार्यकारी प्रमुख | १ भेटनेरीको सेवा कार्यलय पहिले झाडीमा थियो म आए पछि नै भेटनेरीको कर्मचारीहरुलाई गाउँपालिकामा हाजिर गर्ने ब्यबस्था गराएको छु । प्रबिधिक कमचारीहरु वडावडामा खटिनु हुन्छ । भेट्नेरीको साखा प्रमुख गणेश नेपाली हुनुहन्छ ।<br><br>२ हामिले त्यसरी महिलाहरुलाई खेल बाट बञ्छित गराउन खोजेको होईन ,खेल कुदको बजेट समितिमा गएको छ त्यहाँ बाटनै कामहरु हुन्छ । बजेटनै छुटिएको छैन भन्ने होईन छुटिएको छ । |
| १० | कान्छी माया बि.क हरिहरपुरगढी गाउँपालिका वडा नं १ | मेरो छोरीहरु जनगणना गर्दै हिड्दा बाटोमा नै रात परेपछि बास माग्दा दलित भनेर कसैले बास दिएन्न किन अहिले सम्म पनि जातित्व बिभेद छ ? यो समाजमा यस बिषय मा गाउँपालिकाले के कस्तो कानून बनाएको छ प्रश्न गर्न चाहान्छु । | अनिता कुमारी राई उपाध्यक्ष हरिहरपुरगढी गाउँपालिका | यो अलिक ग्रामीण भेग भएको कारणले गर्दा यहाँ अझै पनि जतिय भेदभाव छ हामि यस लाई रोक्ने प्रयास सधै गरिरहेकाछौ तर तपाइलाई बिभेद गर्ने मान्छेलाई तपाईले गाउँपालीकामा आएर उजुरी दिनु भयो भने हामी अवश्य पनि कारवाही गर्नेछौ |

**सुझाव...........**

१ सार्बजनिक सुनुवाई भनेको के हो ? भन्ने कुराको जानकारी हरिहरपुरगढी गाउँपालिका बासिलाई जानकारी नभएको देखियो । कार्यक्रममा उनिहरुको सक्रिय सहभागिता भएको देखिएन । त्यसैले सार्बनजिक सुनुवाई बारेमा उनिहरुलाई जानकारी गराई सर्बजनिक सुनुवाई गर्ने आबश्यक छ ।

२ सार्बजिनिक सुनुवाई कार्यक्रमले समेट्ने बिषय बस्तुको बारेमा आफ्नो कुरा राख्न नसक्नु एउटाले बोलेको कुरा अर्कोले बारम्बार दोहोराउनु सूचनाको कमि भएको कारण यस्तो समस्या देखिएको छ । गाउँपालिका र वडाकार्यलय बाट के कस्ता सेवा प्रवाह हुन्छ भन्ने कुराको जानकारी समेत नगरिकलाई कम देखिएको छ । त्यसैले नागरिकलाई सेवाप्रवाह गर्ने कार्यलयले बिषयगत नागरिक वडापत्र राख्ने सूचना टास गर्ने र उनिहरुलाई परामर्श दिने जस्ता काम गर्नु आबश्यक छ ।

३ स्थानिय नागरिकको समस्या समाधान गर्ने , स्थानीय तहका जनप्रतिनिधिरु आफै समस्या राखिरहेका छन् । आफु को हु र कसको लागि काम गर्दैछु भन्ने कुरा प्रस्ट हुन आबश्यक छ ।

४ कार्यक्रममा महिलाहरुको सहभागिता न्युन छ उनिहरुको क्षमता अभिबृद्धिमा बिषेश ध्यान दिई समान सहभागिता गराउन आश्यक छ ।

५ नागरिकहरुमा उनिहरुले पाउने सेवा सुबिधा र प्रक्रियामा धेरै अन्योलता देखिएको छ ,त्यसैले उनिहरुको स्थानिय निकाय प्रति गलत बुझाई भएको देखिन्छ ,यसको लागी स्थानिय तहका बारेमा अझै धेरै प्रचार प्रसार र जनचेतना जगाउन सके यस्ता समस्या कम हुने थियो की ?

६ स्थानिय सरकार र निकायलाई चुस्त ,दुरुस्त र पार्दशी,सुशासनयुक्त बनाएर गाँउपालिकालाई सक्षम र समृद्ध तुल्याउन जति पदाधिकारीहरुको महत्व छ त्यो भन्दा धेरै नागरिकहरुको पनि भुमिका रहने कुराको बोध नागरिकहरुमा देखिदैन ,यसको लागी बिभिन्न कार्यक्रमहरु गरि नागरिकहरुलाई सचेत गराउन आवश्यक देखिन्छ ।

७ पदाधिकारी र नागरिक सेवा ग्राहि बिचको दुरी कम गरि बैमनश्यताहरु हटाएर सबै मिलेर अगाडी बढ्न आवश्यक देखिन्छ । यसको लागी हरेक निर्णयमा नागरिकहरु सँग पनि छलफल र जानकारी हुन जरुरी हुन्छ । अनि मात्र नमुना को रुपमा परिकल्पना गरे बमोजिमको गाँउपालिका निर्माण हुने देखिन्छ ।

**प्रतिबेदन दिएको मिति** २०७५।३।५ **सार्बजनिक सुनुवाईको संयोजको दस्तखत** .......................